का.जि.प्र.का.द.नं. १००/०५९/६०
१० पुस २०८०,
मंगलबार
26 December 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ३२१ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# १७ वर्षदेखि छलफल, तर समस्या ज्यूँका त्यूँ

**नेताहरूले आफ्नो स्वार्थअनुसार अडान लिने र सहमतिको प्रयत्न गर्दा शान्ति प्रक्रियाको एजेण्डा १७ वर्षदेखि मुलुकको राजनीतिक एजेण्डा बनिरहेको छ। तर फेरि पनि नेताहरुबीच सहमति जुट्न सकेको छैन।**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ९ पुस।

४८ दिनपछि प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा मुख्य राजनीतिक दलहरुको बैठकले दोस्रो निर्णय गरेको छ। गत २२ कात्तिकमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले १२ बुँदे पक्षधर दलहरुको बैठक राखेका थिए। उक्त बैठकका प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सहित सत्तारुढ गठबन्धनका प्रमुख सहभागी थिए।

त्यो बैठकले वर्तमान संविधान र व्यवस्था संकटमा रहेको निष्कर्ष निकालेको थियो। त्यही दिनको बैठकबाट व्यवस्था जोगाउन दलहरुले आ-आफ्नो तर्फबाट पहलकदमी लिने सहमति गरेको थियो। त्यसैअनुसार, माइतीघर मण्डलदेखि नयाँ बानेश्वरसम्म र प्रधानमन्त्री तथा राष्ट्रपतिको सरकारी निवास परिसरलाई निषेधित क्षेत्र घोषणा गर्ने सहमति गरेको थियो। सर्वदलीय सहमतिबाटै लोकप्रिय सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाइएको थियो।

त्यसपछि भने फेरि सरकार र प्रतिपक्षी बीच दुरी बढेको थियो। सार्वजनिक मञ्चबाटै एकअर्काविरुद्ध नेताहरुले अभिव्यक्ति दिएका थिए। तर



प्रधानमन्त्री प्रचण्डले सोमबार शीर्ष नेताहरुको बैठक राखेर अर्को सहमति गराएका छन्। शीर्ष सहमति अनुसार, आगामी हिउँदे अधिवेशनमा शान्ति प्रक्रिया सम्बन्धी विधेयक (टीआरसी) अगाडि बढाइने भएको छ।

जबकी शान्ति प्रक्रियाबारे १७ वर्षदेखि नेताहरुबीच छलफल हुँदै आएको छ। तत्कालीन विद्रोही माओवादी संसदीय राजनीतिमा आउनेगरी २०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भएको थियो। उक्त सम्झौता अनुसार, ६० दिनभित्र दुवै पक्षले बेपत्ता व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगबाट उचित न्याय दिने सहमति भएको थियो।

तर माओवादी लडाकू व्यवस्थापन गर्न नै पाँच वर्ष खर्चिएका दलहरुले शान्ति प्रक्रियाको काम अझै टुंग्याउन सकेका छैनन्। पीडित परिवारले पटकपटक न्यायको माग सहित प्रदर्शन गर्दै आएका छन्। यो विषय अन्तर्राष्ट्रिय चासोमा समेत छ। तर दलहरुले आफू अनुकुल निर्णय लिन खोज्दा यो विषय टुंगिन सकेको छैन।

विद्रोहका पक्षधर रहेका शक्तिहरुले आफू र आफ्नो पंक्ति जोगाउन खोज्ने अनि यसैलाई आफ्नो राजनीतिक आड मानेर अरु पक्षले अडान यो विषय १७ वर्षदेखि छलफल

»» पृष्ठ २ मा

## टीआरसी विधेयक अगाडि बढाउने सहमति

**काठमाडौं/मस-** सोमबार साँझ प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको शीर्ष नेताहरुको बेठकले संक्रमणकालीन न्याय (टीआरसी) सम्बन्धी विधेयक आगामी संसदबाट टुंग्याउने सहमति गरेका छन्।

तर विधेयकका विषयहरुमा भने उनीहरु अझै सहमतिमा पुगिसकेका छैनन्। एमालेका सचेतक महेश बर्तौलाले छलफल सकरात्मक भएको र चाँडोभन्दा चाँडो विधेयकलाई टुंगोमा पुऱ्याउन एकमत भएको बताए।

'प्रधानमन्त्रीज्यूको आव्हानमा बसेको बैठक सकारात्मक ढंगले अघि बढेको छ,' संवाददाताहरुसँग बैठकबारे कुराकानी गर्दै उनले भने, 'सरकार र तीन वटै दलहरु विधेयकलाई चाँडो भन्दा चाँडो टुंगोमा पुऱ्याउने भन्ने विषयमा एकमत भएको अवस्था छ।'

हिउँदे अधिवेशनमा टुंग्याउने गरी शीर्ष नेताहरुबीच थप छलफल हुने जानकारी गराउँदै बर्तौलाले भने, 'संसद्को आगामी अधिवेशनमा यो विधेयकलाई अघि बढाउने र टुंगोमा पुऱ्याउने भन्ने भएको छ। तर त्यसका लागि शीर्ष नेताहरुका बीचमा अझै छलफलहरु गर्ने कुरा भएको छ।'

यसअघि आइतबार पनि प्रधानमन्त्री प्रचण्डले देउवा र ओलीसँग छलफल गरेका थिए। सो बैठकमा कांग्रेस सचेतक रमेश लेखकले विधेयकमा रहेका असहमतिहरुका विषयमा जानकारी गराएका थिए। उक्त छलफलमा फेरि भेट्ने सहमति अनुसार सोमबार शीर्ष नेताहरु सहमतिको प्रयासका लागि जुटेका हुन्।

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन-२०७१ लाई संशोधन गर्न बनेको विधेयक सरकारले २५ फागुन ०७९ मा प्रतिनिधिसभामा दर्ता गरेको थियो। उक्त विधेयकमा मुख्यगरी 'गम्भीर मानव अधिकार उल्लङ्घन', 'सशस्त्र द्वन्द्वमा जोडिएका

»» पृष्ठ २ मा

## केपी ओली झनै शक्तिशाली !

**झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्रामा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले देखाएको भौतिक सक्रियताबारे जसरी चर्चा भइरहेको छ, त्यो भन्दा बढी राजनीतिक शक्ति आर्जन गरेको टिप्पणी एमालेभित्रै भइरहेको छ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ पुस।

मध्य पहाडी क्षेत्रबाट पलायन भइरहेको जनशक्ति र राष्ट्रिय राजनीतिप्रति बितृष्णा बढाउने काम भएको चिन्तासहित नेकपा एमालेले १८ दिनसम्म गरेको झुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्राबारे पार्टी अध्यक्ष केपी शर्मा ओलीले आइतबार सम्पादकहरुसँग ब्रिफिङ गरे।

केन्द्रीय मूख्यालय च्यासलमा अरु नेताहरू समेत राखेर अध्यक्ष ओलीले संकल्प यात्रा सफल भएको ब्रिफिङ गरेका थिए। उपमहासचिव प्रदीपकुमार ज्ञवालीले संकल्प यात्राबारे जानकारी

»» पृष्ठ २ मा



## अघि बढ्यो नयाँ बजेट निर्माण
### प्रदेश र स्थानीय तहसँग योजना माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ पुस।

आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट निर्माण प्रक्रिया सुरु भएको छ। राष्ट्रिय योजना आयोगले प्रदेश र स्थानीय तहलाई परिपत्र गर्दै आगामी आवका लागि संघीइ समपूरक तथा विशेष अनुदानअन्तर्गत सञ्चालन गरिने आयोजना र कार्यक्रमका लागि प्रस्ताव माग गरेको हो। प्रदेश र स्थानीय तहलाई यस्तो अनुदान शीर्षकअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रस्ताव आगामी माघ मसान्तभित्र पेस गरिसक्न भनिएको छ।

राष्ट्रिय योजना आयोगका सहप्रवक्ता डा दिवाकर लुइँटेलका अनुसार संघीइ सरकारले प्रदेश र स्थानीय तहको मागका आधारमा वित्तीय हस्तान्तरणको उपकरणका रुपमा समपूरक र विशेष अनुदान उपलब्ध गराउँछ। आवश्यक प्रक्रिया र मापदण्ड पूरा गरेका योजना तथा कार्यक्रम मात्र यस्तो अनुदान पाउनका लागि योग्य हुने उनको भनाइ थियो।

'समपूरक र विशेष भनेको मागका आधारमा दिइने अनुदान हो,' लुइँटेलले भने, 'स्थानीय तह र प्रदेशले तोकिएको मापदण्ड तथा समय सीमाभित्र प्रस्ताव हालेपछि माग भई आएका योजना/कार्यक्रम छनोटको प्रक्रियामा जान्छन्,' उनले भने। समपूरक र विशेष अनुदानका लागि अनलाइनबाट मात्रै प्रस्ताव पेस गर्न सकिने आयोगले जनाएको छ। अनलाइनबाट प्राप्त प्रस्तावलाई राष्ट्रिय योजना आयोगका

»» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## मलेसियामा नक्कली कागजात बनाउने एजेन्टहरुको बिगबिगी

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, ९ पुस

नक्कली कागजातका आधारमा एजेन्टहरुले मलेसिया प्रवेश गराएर ६ महिनासम्म बेरोजगार बनाएका १ सय ७० बंगलादेशी कामदारलाई छुट दिने कि कारबाही गर्ने भन्ने विषयमा गम्भीर बहस देखिएको छ। मलेसियाको अध्यागमन विभागले बुधबार अवैधानिकरुपमा एजेन्टहरुले मलेसिया पुऱ्याइ ३ देखि ६ महिनासम्म राखेका १ सय ७० बंगलादेशी कामदारलाई उद्धार गर्ने भन्दै नियन्त्रणमा लिएको छ।

मलेसियाको अध्यागमन विभागले त्यसरी पक्राउ गरेका अवैधानिक आप्रवासी कामदारहरुलाई जरिवाना गरेर स्वदेश फर्काउने 'डिपोर्ट गर्ने' गरेको छ। मलेसियाको अध्यागमन विभागले यस पटक नियन्त्रणमा लिइएकाहरुलाई पनि विगतमा जस्तै जरिवाना तिराएर स्वदेश फर्काउने तयारी गरेको छ।

मलेसियाको अध्यागमन विभागको उक्त तयारी चलिरहेका बेला पूर्वउपग्रामीण विकास मन्त्री रहेका सांसद आर शिवर ासाले गैरकानूनीरुपमा प्रवेश गराइएका कामदारलाई कारबाही गर्नुको सट्टामा मलेसियाको भ्रष्टाचारविरोधी आयोगले विदेशीहरुलाई रोजगारी नदिने कथितरुपमा भर्ती एजेन्टहरुको छानबिन गर्नुपर्ने माग गरेका छन्। उनले विदेशीहरुको लागि कुनै रोजगारी उपलब्ध छैन भन्ने स्पष्ट हुँदाहुँदै कसरी एजेन्टहरुले अध्यागमन विभागबाट बंगलादेशी कामदारहरुको लागि स्वीकृतिहरु प्राप्त गर्न सफल भए त्यो छानबिन हुन जरुरी रहेको बताए। उनले भने, 'बंगलादेशी कामदारहरु आफूलाई

»» पृष्ठ २ मा

### ठगेर कतार पुगेका पासमान पक्राउ

**काठमाडौं/मस-** ठगी तथा संगठित अपराध मुद्दामा इन्टरपोलबाट रेड नोटिस जारी भइ फरार रहेका धनुषा औरही गाउँपालिका-५ का ४४ वर्षीय रजिन्द्र पासमान पक्राउ परेका छन्। एनसीबी दोहा, कतारको समन्वयमा कतारमा पक्राउ परेका उनलाई सम्बन्धित मुद्दामा कारबाही गर्नका लागि सोमबार नेपाल ल्याइएको नेपाल प्रहरीले जानकारी दिएको छ।

पासमानलगायत अन्य व्यक्तिहरूले पीडितको माछापुच्छ्रे बैंकको खातामा रहेको ९ लाख रूपैयाँ अनधिकृतरूपमा ट्रान्सफर गरी उक्त रकम विभिन्न बैंकहरूको एटिएम कार्डहरूमार्फत निकालेर प्रयोग गरेको र अनुसन्धानको क्रममा उनी वैदेशिक रोजगारीको सिलसिलामा कतारमा रहेको खुल्न आएको प्रहरीले बताएको छ।

अन्तर्राष्ट्रियस्तरमा खोजतलासको लागि इन्टरपोल शाखाको अनुरोधमा इन्टरपोल महासचिवालयबाट सन् २०२३ डिसेम्बर ७ मा उनीविरुद्ध रेड नोटिस जारी भएको थियो। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## विज्ञापनको रकम भुक्तानी गर्न आउनेबारे अत्यन्त जरूरी सूचना

यस दैनिकमा प्रकाशित भएका सूचना, विज्ञापनको बाँकी बक्यौता रकम भुक्तान गर्न लामो समयदेखि पटक–पटक ताकेता गर्दा पनि अटेर गर्ने र सम्पर्कमा पनि नआउने केही विज्ञापन एजेन्सी र व्यक्तिहरुले यही **मिति २०८० पुस मसान्तसम्म** भुक्तान गरी हिसाब मिलान गर्न यसै सार्वजनिक सूचनाद्वारा सूचीत गरिन्छ। अन्यथा भुक्तान नगर्ने एजेन्सी वा व्यक्तिहरुको फोटोसहित नाम सार्वजनिक गरिने र कानूनी प्रक्रिया अवलम्बन गरी बाँकी बक्यौता रकम असुल उपर गर्न बाध्य हुने व्यहोरा जानकारी गराइन्छ।

लेखा शाखा
मध्यान्ह दैनिक
कमलपोखरी, काठमाडौं
फोन: ०१-५३२६३६६, ५३२८३९८

# नागरिकमैत्री, सेवामुखी भावका साथ काम गर्न आईजीपी कुँवरको निर्देशन

**बाजुरा/मस–** प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवरले जिल्ला प्रहरी कार्यालय बाजुरा परिसरमा नवनिर्मित कार्यालय, निवास, ब्यारेक, हिरासत कक्ष तथा मेश भवनहरूको सोमबार आयोजित एक कार्यक्रमबीच उद्घाटन गरेका छन् । साथै उनले उक्त नवनिर्मित भवनहरूको निरीक्षण समेत गरेका छन् ।

कार्यक्रमको अवसरमा प्रहरी महानिरीक्षक कुँवरले भवन निर्माण कार्यमा सहयोग पुऱ्याउने विभिन्न महानुभावहरुलाई प्रशंसा-पत्र प्रदान गरे ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक कुँवरले नयाँ भवनबाट सम्पादन हुने प्रहरी कार्य पनि थप उर्जामय, नविन सोच र उच्चस्तरको हुनुपर्ने चर्चा गर्दै नागरिकको सुरक्षामा अझ बढी मेहनत र व्यवसायिकताको साथ प्रस्तुत हुनुपर्ने बताए । नागरिकमैत्री, सेवामुखी भावका साथ सम्पूर्ण स्थानीयवासीहरूले भय र त्रासरहित वातावरणमा आ-आफ्नो दैनिक क्रियाकलाप, उद्योग, व्यापार, रोजगार तथा व्यवसाय गर्न पाउने वातावरण निर्माणमा अहोरात्र कटिबद्ध रहन उपस्थित



प्रहरी अधिकृतहरूलाई उनले निर्देशन दिए ।

प्रहरी महानिरीक्षक कुँवरले समाजमा अशान्ति र अराजकता फैलाउने उच्छृंखल तथा आपराधिक समूह, सामाजिक हित विपरीतका गैरकानूनी र अनैतिक कार्य गर्ने विरूद्ध खरो रूपमा प्रस्तुत भइ कुनै किसिमको दवाव र प्रभावमा नपरी शून्य सहनशिलताका साथ कार्य सम्पादन गर्न उपस्थित प्रहरी कर्मचारीहरूलाई निर्देशन दिए ।

नागरिकसँगको उचित समन्वय र सहकार्यमा कानून विपरीतका गतिविधि नियन्त्रण गरी समाजमा प्रभावकारी शान्ति सुरक्षा व्यवस्था कायम गर्न सकिने उल्लेख गर्दै स्थानीय जनसमुदायलाई प्रहरीसँग निरन्तर समन्वय, सहकार्यको लागि उनले आग्रह समेत गरे ।

सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक भरत बहादुर बोहराले धन्यवाद मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा बाजुरा जिल्लाका प्रमुख जिल्ला अधिकारी भिम कान्त पौडेल र बडिमालिका नगरपालिकाका प्रमुख अम्मर खड्काले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय बाजुराका प्रहरी नायव उपरीक्षक कबिन्द्र सिंह बोहराले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय धनगढीका प्रहरी नायव उपरीक्षक सुमन दाहालले भवन निर्माण सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । नेपाल सरकारको नियमित बजेटबाट कुल ८ करोड ७६ लाख ६७ हजार ६ सय ६४ रूपैयाँ लागतमा उक्त भवनहरू निर्माण कार्य सम्पन्न भएको हो ।

कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू, विभिन्न राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरू, स्थानीय जनप्रतिनिधिहरू, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिहरू, स्थानीय समाजसेवी, भद्रभलादमी, संचारकर्मी एवं स्थानीयवासीहरूको उपस्थिति रहेको थियो । यसैगरी प्रहरी महानिरीक्षक कुँवरले जिल्ला प्रहरी कार्यालय बाजुरामा कार्यरत प्रहरी अधिकृत तथा जवानहरूलाई समसामायिक विषयमा आवश्यक निर्देशन समेत दिए ।



अर्घाखाँची जिल्लाको छत्रदेव गाउँपालिका वडा नं. १ चिदिका खन्नेबासमा रहेको १ सय वर्ष पुरानो घर । पक्की घरको प्रचलन आएसँगै जिल्लाको विभिन्न ठाउँको नेवार बस्तीमा रहेका यस्ता घरहरु क्रमशः लोप हुँदैछन् ।

तस्बिर : शोभाखर पन्थी/मध्यान्ह

## मिटरब्याजसम्बन्धी उच्चस्तरीय संयन्त्र समिति निर्माणको माग

**रामएकवाल राम/मध्यान्ह**
सिरहा, ९ पुस

सिरहामा मिटरब्याजविरुद्धको संघर्ष समिति नेपालले मिटरब्याज सम्बन्धी समस्याको समाधानका लागि उच्चस्तरीय संयन्त्र निर्माणको माग गरेको छ ।

सिरहाको सहलेश फुलबारीमा संघर्ष समितिले सोमबार पत्रकार सम्मेलन गर्दै प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको सहायता कक्षले प्रभावकारी काम गर्न नसकेको भन्दै उनीहरुले उच्च स्तरीय संयन्त्र निर्माणको माग गरेका हुन् ।

पत्रकार सम्मेलनमा समितिका संयोजक मनोज पासवानले आफ्न उचित मागहरु तत्काल कार्यान्वयन नभए अझैं सशक्त आन्दोलनमा उत्रिन बाध्य हुने बताए । उनले भने, 'हामी पछिल्लो १० महिनादेखि निरन्तर आन्दोलनमा छौं । आन्दोलनको बलमा कानून पनि निर्माण भयो तर, कानून कार्यान्वयन भइरहेको छैन ।'

सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै संयोजक पासवानले भने, 'अहिलेसम्म हामि शान्तिपूर्ण आन्दोलनमा छौं । यहि नै जारी रहन्छ, तर यस्तै अवस्था रहे घर, सम्पत्ती र इज्जत लुटिएका पीडित कुन हदसम्म जान सक्छन् । तपाईहरु आफै अनुमान गर्नुहोस् ।'

पत्रकार सम्मेलनमा संघर्ष समितिले मिटरब्याज सम्बन्धी मुद्दालाई कडाईंका




साथ समाधानका गर्न उच्च स्तरीय संयन्त्र निर्माण, साहु महाजनले आफूविरुद्ध उजुरी परेपछि जिल्ला अदालतमार्फत् ल्याउने निशेषज्ञा सम्बन्धी सबाल सरकार 'स्तरबाट नै समाधान गनुपर्नेसहित सात बुँदे माग प्रस्तुत गरेका छन् ।

समितिले अनुचित लेनदेन सम्बन्धी परेका उजुरी किनारा नलागुञ्जेल साहु महाजनले अदातलमा हालेका लेनदेन सम्बन्धी मुद्दा तत्काल रोकिनुपर्ने, वडा कार्यालयमा हुने कपाली तमसुक प्रमाणीकरण र दर्ता प्रकृयाको निगरानी गरिनुपर्ने, ठूला मिटरब्याजीलाई कानूनी कारबाही गरिनुपर्ने, आयोग र जिल्ला सहायता कक्षमा पीडित र साहु महाजनबीच भएका सहमति तत्काल कार्यान्वयन हुनुपर्ने र सरकार र संघर्ष समितिबीच भएको पाँच बुँदे सहमति अक्षरांश पालना गर्नुपर्ने माग राखेका छन् ।

समितिका संरक्षक रामरिझन यादवले कुनै पनि आन्दोलनको निरन्तरताले सफलताको नजिक पुऱ्याउने भन्दै पीडितहरुको संघर्षले कानून बन्न सफल भएपनि कार्यान्वयन कमजोर भएको बताए । उनले कानून निर्माणपछि प्रधानमन्त्री पुष्पकमल दाहालसँगको भेटमा पीडितहरुलाई न्याय दिलाउने आश्वासन दिएपनि अझैं पूरा हुन नसकेकोप्रति खिन्नता व्यक्त गरे । अभियन्ता यादवले भने, 'कानून बनिसक्यो, प्रधानमन्त्रीले न्याय दिलाउने बाचा गर्नु भयो । तर कार्यान्वयन फितलो भएको छ । अब यसको टुंगो पनि आन्दोलनबाटै लाग्छ ।'

सोही क्रममा पीडितहरुले लामो समयदेखि आन्दोलन गरिरहेको भएपनि राजनीतिक दलहरुको साथ सहयोग नरहेको प्रति दुःख व्यक्त गरे । पीडितहरुले भने, 'हामी पनि दलहरुकै भोटर, सुभचिन्तक हौं । तर हामीलाई अप्ठ्यारो परेको बेला उनीहरुको मौनता आश्चर्यजनक रहेको छ ।'

## बागलुङमा नेत्रज्योति संघको निःशुल्क आँखा शिविर, करिब ९ सय जना लाभान्वित

**बागलुङ/मस–** नेपाल नेत्रज्योति संघ धौलागिरी आँखा अस्पतालद्वारा सञ्चालन गरिएको निःशुल्क आँखा शिविरमार्फत ८ सय ८६ जना सेवाग्राही लाभान्वित भएका छन् । अस्पतालले पुस ५ गतेदेखि ७ गतेसम्म जिल्लाको गल्कोट नगरपालिका र बडीगाड गाँउपालिकामा सञ्चालन गरेको शिविरमार्फत ८ सय ८६ जनाको आँखा परिक्षण गरिएको हो ।

अस्पताल व्यवस्थापक बिनम लामिछानेका अनुसार ८ सय ८६ जनाको आँखा परीक्षण गरी मोतियाबिन्दु देखिएकामध्ये २४ जनाको तत्काल शल्यक्रिया गर्नुपर्ने देखिएको छ भने ३ सय ७५ जना विद्यार्थीहरुको आँखा जाँच गर्दा २४ जना विद्यार्थीहरुमा दृष्टिदोषको समस्या देखिएको छ ।

आई केयर फाउन्डेशनको सहयोगमा आयोजना गरिएको उक्त शिविरमा जाँच गर्दा आँखामा समस्या देखिएका २ सय ५५ जनालाई निःशुल्क चस्मा वितरण गरिएको र मोतियाबिन्दु देखिएका २४ जना बिरामीहरुको समेत निःशुल्क रुपमा शल्यक्रिया गरिनेछ ।

आर्थिक अभावमा कोही पनि नागरिक आँखा उपचारबाट बञ्चित नहुन् भनेर अस्पतालले विभिन्न निकायहरुसँगको साझेदारीमा वार्षिकरुपमा निःशुल्क शिविर आयोजना गर्ने गरेको छ ।

वि.सं २०३५ सालमा नेपालमा आँखा उपचार सेवाको विकास र विस्तारको लक्ष्यसहित एक गैर नाफामुलक संस्थाका रुपमा स्थापना भएको संघ अन्तर्गत हाल देशभरमा २७ वटा आँखा अस्पताल, १ सय ५४ आँखा उपचार केन्द्र तथा ४४ जिल्ला शाखाहरु सञ्चालनमा छन् । संघ अन्तर्गतका आँखा अस्पताल, आँखा उपचार केन्द्रमार्फत वार्षिक ३० लाख बिरामीको आँखा जाँच हुने गरेको छ ।

स्थापनादेखि सन् २०२२ सम्ममा संघको नेटवर्कमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कुल ४ करोड २ लाख ८६ हजार ५ जना आँखाका बिरामीहरुलाई आँखा उपचार सेवा प्रवाह गरिसकिएको छ भने ४८ लाख ६७ हजार ७ सय ७४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ ।

**१७ वर्षदेखि...**

हुने, तर नटुंगिने विषय बन्दै आएको छ ।

सोमबार पनि टीआरसी अगाडि बढाउने सहमति मात्रै जुटेको छ, त्यसका अन्तर्वस्तुमाथि छलफल हुनै बाँकी छ । तसर्थ राजनीतिक असहमति हुनासाथ फेरि यो विषय फेरि प्रभावित हुने संभावना छ । किनकि बिगतमा पनि आयोग बन्ने, पदाधिकारी नियुक्त हुने अनि फेरि राजनीतिक स्वार्थको कोपभाजनमा पर्ने गरेको थुप्रै उदाहरण छन् । कतिसम्म भने तत्कालीन नेपाल कम्युनिष्ट पार्टीले झण्डै दुई तिहाइ मत पाउँदा समेत यो विषय टुंगिन सकेन ।

**टीआरसी...**

र प्रभावित व्यक्तिलाई कसरी सम्बोधन गर्ने?,' 'मानवअधिकार उल्लंघनको घटनामा मेलमिलापमा पीडितको स्वतन्त्र सहमति नभए के गर्ने?' र, 'सजाय घटाउने' विषयमा विशेष गरि सरोकारवाला र प्रमुख प्रतिपक्षी नेकपा एमालेले असहमति जनाउँदै आएको थियो ।

विधेयकमा दलीय सहमति बन्न नसकेपछि दफावार छलफलका लागि संसदको कानून न्याय तथा मानव अधिकार समितिमा पठाइएको थियो । समितिमा भएको छलफलमा समेत सहमति जुट्न नसकेपछि समिति अन्तर्गत नै उपसमिति गठन गरिएको थियो ।

सहमति हुन नसकेका मुख्य बिषय टुंगोमा पुऱ्याउन ११ सदस्यीय उपसमितिलाई जिम्मेवारी दिए पनि त्यो सफल हुन सकेन । सहमति जुटाउन असफल समितिले शीर्ष नेताहरुले नै त्यसलाई टुंग्याउनुपर्ने भन्दै अपुरो प्रतिवेदन बुझाएको थियो ।

एमाले सचेतक बर्तौलाले टीआरसीलाई टुंग्याएर शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्ने पक्षमा रहेको, तर विधेयक पीडितलाई न्याय दिने हिसाबले आउनुपर्ने बताए । 'विधेयकलाई अघि बढाउँदै गर्दा सरकारले ध्यान दिनुपर्छ । अन्तर्राष्ट्रिय कानूनहरू, नेपाल पक्ष राष्ट्र भएका सन्धि सम्झौताहरू, मानव अधिकारको अन्तर्राष्ट्रिय मूल्यमान्यताहरूभन्दा बाहिर गएर विधेयकमा सहमति जनाउन सकिदैन,' उनले भने ।

बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवा र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली सहित शीर्ष नेताहरु सहभागी थिए । एक दशक लामो सशस्त्र विद्रोह संचालन गरिरहेको माओवादीलाई शान्तिपूर्ण राजनीतिको मुलधारमा ल्याउन २०६३ मंसिर ५ गते नेपाल सरकार र तत्कालीन नेकपा माओवादीबीच विस्तृत शान्ति सम्झौता भएको थियो ।

शान्ति प्रक्रियाको महत्वपूर्ण पक्ष मानिएको संविधानसभाबाट संविधान निर्माण र माओवादी सेनाको समायोजन सकिएको भए पनि अर्को महत्वपूर्ण पक्ष संक्रमणकालीन न्याय टुंगिन बाँकी छ ।

विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र दुवै पक्षले बेपत्ता पारेका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगबाट उचित न्याय दिने सहमति भएको थियो ।

तर, राजनीतिक दलहरुले यसलाई आफ्नो राजनीतिक स्वार्थका लागि यसलाई हतियारका रुपमा प्रयोग गरेका कारण विस्तृत शान्ति सम्झौता भएको १७ वर्षसम्म पनि पीडितले न्याय पाउन सकेका छैनन् ।

दलहरुले समयमै कानून बनाएर नदिँदा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगले प्रभावकारी रुपमा काम गर्न सकेका छैनन् । सत्य निरुपण तथा मेलमिलाप आयोगमा ६३ हजार ७१८ र बेपत्ता आयोगमा ३ हजार २२३ उजुरी दर्ता भएका छन् ।

**केपी...**

दिएपछि त्यसको उपलब्धिमाथि अध्यक्ष ओलीले आफ्नो कुरा राखेका थिए ।

अध्यक्ष ओलीले संकल्प यात्रा एमालेले आयोजना गरेको भएपनि एकप्रकारले राष्ट्रिय अभियान नै बन्न पुगेको बताए । गत १४ मंसिरमा बैतडीको झुलाघाटबाट सुरु भएर २ पुसमा पाँचथरको चिवाभञ्ज्याङमा टुंग्याइएको संकल्प यात्राको उपलब्धिबारे जानकारी दिन संक्षिप्त पुस्तिका समेत वितरण गरिएको छ ।

उक्त पुस्तिका र अध्यक्ष ओलीले सम्पादकहरुसँग गरेको दावी एउटै छ- संकल्प यात्राले जनतामा उत्साह बढायो । ओलीले हस्ताक्षर गरेर पुस्तिका संकल्प यात्रा बुझाउन अझ धेरै उपयोगी देखिन्छ । किनकि त्यो पुस्तिकामा संकल्प यात्राका क्रममा भएका सभा, अवलोकन, अन्तरक्रियादेखि मध्यपहाडी जनसंख्या र भौतिक विकासको अवस्था समेत प्रस्तुत गरिएको छ ।

मुख्यगरी संकल्प यात्राबाट जनता अहिलेकै व्यवस्थाको पक्षमा रहेको, हिंसात्मक राजनीति र राजतन्त्रको पक्षमा नरहेको निष्कर्ष एमालेले निकालेको छ । तर पुस्तिकामा प्रस्तुत विवरण, अध्यक्ष ओलीले सम्पादकहरुसँग गरेको ब्रिफिङ अनि संकल्प यात्राका क्रममा देखिएको दृष्यले भने एमालेमा अध्यक्ष ओली झनै शक्तिशाली बन्दै गएको प्रष्ट संकेत दिएको छ ।

किनकि संकल्प यात्रा अध्यक्ष ओली केन्द्रित थियो । ७२ वर्षको उमेरमा पुसको चिसो नभनी संकल्प यात्राको १८ दिनसम्म नेतृत्व गर्नु चानचुने कुरा थिएन । त्यो पक्ष मानवीय पक्ष हेर्दा संकल्प यात्रा अध्यक्ष ओली केन्द्रित हुन अनौठो होइन । तर जसरी संकल्प यात्राका क्रममा अरु नेताहरु भूमिकाविहीन थिए, त्यसले अध्यक्ष ओली पार्टीभित्र झनै शक्तिशाली बनेकै पुष्टि हुन्छ ।

संकल्प यात्राभर अध्यक्ष ओली मुख्य आकर्षण बनेर सभा, अन्तरक्रिया, अवलोकनहरुमा सहभागी भएका थिए । अरु नेताहरुको भूमिका लगभग सामाजिक सञ्जालमा तस्वीर राख्नुमा सीमित बन्न पुगेको थियो ।

आइतबार सम्पादकहरुसँग अन्तरक्रियामा पनि अध्यक्ष ओली बाहेक अरु नेताहरु भूमिकाविहीन थिए । तर मञ्चमा ओली एक्लै बसेर ब्रिफिङ गर्दा अरु नेताहरु सम्पादक तथा पत्रकार हरुसँगै बसे । अन्तरक्रिया सुनेर उठे । जबकी त्यहाँ बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, महासचिव शंकर पोखरेल सहित पदाधिकारीको ठूलो उपस्थिति थियो ।

**अघि...**

सदस्यको संयोजकत्वमा रहने छनोट समितिले विश्लेषण गरी उपयुक्त योजना तथा कार्यक्रमलाई बजेट उपलब्ध गराउन सिफारिस गर्नेछ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को प्रावधानअनुसार केन्द्र सरकारले प्रदेश र स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी योजना कार्यान्वयन गर्न समपूरक अनुदान दिनसक्ने व्यवस्था छ । त्यस्तै शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता आधारभूत सेवाका क्षेत्रमा विशेष अनुदान उपलब्ध गराइन्छ ।

अन्तर प्रदेश वा अन्तर स्थानीय तहबीच सन्तुलित विकास गर्ने, अर्थ-सामाजिकरुपमा पछि परेका वर्ग समुदायलाई लक्षित गरेर पनि यस्तो अनुदान उपलब्ध गराइछ । यसरी, समपूरक अनुदानका लागि पूर्वाधार निर्माणसँग सम्बन्धित आयोजनाहरु र विशेष अनुदानका लागि शिक्षा, स्वास्थ्य, खानेपानी, समावेशीकरण तथा मूल प्रवाहीकरण, तहगत सन्तुलन, खाद्यसुरक्षा तथा पोषण, फोहरमैला व्यवस्थापनजस्ता क्षेत्रसँग सम्बन्धित आयोजनामा अनुदान माग गर्न सकिनेछ ।

प्रदेश र स्थानीय तहले संघीय सरकारबाट समपूरक तथा विशेष अनुदान पाउन निश्चित मापदण्ड र प्रक्रिया पूरा गर्नुपर्छ । यस्तो अनुदान पाउनका लागि आयोजना तथा कार्यक्रम सिफारिस गर्दा आवश्यकता र औचित्य पुष्टि हुनुपर्ने आयोगले जनाएको छ । उत्पादन तथा उत्पादकत्व बढाउने, रोजगारी सिर्जना गर्ने उद्देश्यका आयोजना तथा भूकम्पलगायतका प्राकृतिक विपद्बाट भएको क्षतिलाई समेत सम्बोधन गर्ने गरी आयोजना र कार्यक्रम छनोट गरिने आयोगको भनाइ छ ।

समपूरक र विशेष अनुदान पाउनका लागि ऐन र कार्यविधिमार्फत मापदण्ड तोकिएका छन् । प्रदेशको हकमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्थानीय तहको हकमा कार्यपालिका बैठकले निर्णय गरी आयोजना/कार्यक्रमको प्रस्ताव गर्नुपर्नेछ । पूर्वतयारी सम्पन्न भएका आयोजना/कार्यक्रम मात्र पेस गर्नुपर्ने मापदण्ड छ । त्यस्तै यसअघि संघीय समपूरक तथा विशेष अनुदान प्राप्त गरी कार्यान्वयनमा गएका तर सम्पन्न हुन बाँकी रहेका आयोजनालाई विशेष प्राथमिकता दिनुपर्नेछ ।

समपूरक अनुदानका लागि गाउँपालिका र नगरपालिकाबाट कार्यान्वयन गरिने आयोजनाको कूल लागत अनुमान एक करोडदेखि १० करोड रुपैयाँसम्मको सीमा तोकिएको छ ।

त्यस्तै, उपमहानगरपालिका र महानगरपालिकाले पाँच करोडदेखि २५ करोड रुपैयाँसम्मका आयोजना प्रस्ताव गर्न पाउने व्यवस्था कार्यविधिमा छ । प्रदेश सरकारबाट कार्यान्वयन हुने समपूरक अनुदानअन्तर्गतका आयोजनाका लागि २० करोडदेखि एक अर्ब रुपैयाँ लागतसम्मका आयोजनाको प्रस्ताव पेस गर्न सकिनेछ ।

विशेष अनुदानका लागि भने स्थानीय तहले कम्तीमा ५० लाख रुपैयाँदेखी बढीमा १० करोड रुपैयाँसम्मको लागतका आयोजना प्रस्ताव गर्न सकिने व्यवस्था छ । प्रदेशले कम्तीमा १० करोड रुपैयाँ बराबर लागत भएको आयोजना तथा कार्यक्रमका लागि विशेष अनुदान माग गर्न सक्छन् ।

समपूरक अनुदानअन्तर्गत कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमको ५० प्रतिशत वित्तीय भार सम्बन्धित पालिका वा प्रदेशले व्यहोर्नुपर्ने व्यवस्था रहेको छ । यो अनुदान शीर्षकअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको वार्षिक अनुमानित खर्चमध्ये कम्तीमा ५० प्रतिशत रकम सम्बन्धित स्थानीय तह वा प्रदेश सरकारले सहलगानीका रुपमा छुट्याउनुपर्ने व्यवस्था कार्यविधिमा छ ।

**मलेसियामा...**

बहकाउने एजेन्टको शिकार मात्र भएका हुन् । अध्यागमन विभागले उनीहरुलाई अध्यागमन कानून उल्लंघन गर्ने अपराधीहरुका रुपमा व्यवहार गर्नु हुँदैन । बरु, तिनीहरु अध्यागमन कानून उल्लंघन गर्न भड्काउने एजेन्टहरुका शिकार हुन्, एजेन्टहरुलाई कारबाही गर्नुपर्छ ।'

उता गैरकानूनी अवस्थाका बंगलादेशी कामदार मलेसियाको प्रहरी नियन्त्रणमा रहेको बेला त्यहाँको मानव संशाधन मन्त्रालयले एजेन्टहरुबाट ठगिएका एक सयभन्दा बढी बंगलादेशीहरुलाई रोजगारी सुरक्षित गर्न मद्दत गर्ने बताएको छ । नवनियुक्त मानव संशाधन मन्त्री स्टिभन सिमले पक्राउ परेका १ सय ७० बंगलादेशी कामदारको विषय मन्त्रालयको अधिकार क्षेत्रभन्दा बाहिर रहेको भएपनि उनीहरुलाई मानवीय आधारमा सहयोग गर्ने बताएका छन् । प्रहरी नियन्त्रणमा रहेका बंगलादेशी कामदारहरुले उनीहरुलाई वाचा गरिएको रोजगारी प्रदान नगरेकोमा एजेन्टहरुविरुद्ध उजुरी दर्ता गर्न चाहेको बताएका छन् ।

मलेसियामा नक्कली डिमाण्डको कारोबार गरेको अभियोगमा प्रहरीले गत सोमबार एक बंगलादेशी युवालाई पक्राउ गरेपछि नक्कली डिमाण्डका आधारमा हुने ठगी धन्दा सार्वजनिक भएको हो ।

**प्रवास डायरी** / तिलु शर्मा पौडेल/मध्यान्ह

## किरात याक्थुङ चुम्लुङ कतारको आयोजनामा चासोक तङ्नाम ५०८३ सम्पन्न



'लिम्बूवान स्वायत्तता हाम्रो प्रतिबद्धता' भन्ने मूल नाराका साथ किरात याक्थुङ चुम्लुङ कतारको आयोजनामा चासोक तङ्नाम वि.सं. २०८० (येले तङ्बे ५०८३) को शुभ अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ । संस्थाका अध्यक्ष सागर तुम्बाहाङ्फे लिम्बूको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष डी.एन. मगरको प्रमुख आतिथ्यतामा विविध सांस्कृतिक प्रस्तुति सहित कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममार्फत समाजसेवी रिकाश योङ्हाङ् लिम्बूलाई सम्मान गरिएको थियो भने आयोजकद्वारा सभापति र प्रमुख अतिथिलाई किराती फेटा अर्पण गरिएको थियो । संस्थाका वरिष्ठ उपाध्यक्ष राम लङ्वा लिम्बूले संस्था तथा कार्यक्रमका बारेमा जानकारी गराउँदै स्वागत मन्तव्य राखेका थिए । कलाकारहरू उषा चेम्जोङ लिम्बू, निलसा केरुङ लिम्बू र निरु लिवाङ लिम्बूले स्वागत नृत्य पेस गरेका थिए भने कियाचु कतारका डेढ दर्जन कलाकार हरूद्वारा केलाङ (च्याब्रुङ नृत्य) पेस गरेका थिए । कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधि, बुद्धिजीवी समाजसेवी, याक्थुङ/लिम्बू गैर याक्थुङ/लिम्बू लगायतहरुको उपस्थिति रहेको थियो ।

नेपाल मगर संघ शाखा कतार मातहतको सांस्कृतिक विभागको तर्फबाट कियाचु कतारलाई कोसेली उपहार प्रदान गरिएको थियो । गौतम सामी आङ्देम्बे लिम्बू, विमल लिम्बू, वनिता राई, भीम कार्कीले आफ्नो गायनद्वारा र उषा चेम्जोङ लिम्बू, निलसा केरुङ लिम्बू, निरु लिवाङ लिम्बू, सरिता बान्तवा राई, कुमारी लामा, जेनिसा तामाङ, प्रयागजन चौधरी, कृष्ण माया लिम्बू, खड्ग बस्नेत, सौरभ आचार्य र तनुजा तामाङले नृत्यद्वारा उपस्थितिलाई मनोरञ्जन प्रदान गरेका थिए । कार्यक्रममा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि मगरले सात समुन्द्र पारी कतार प्रवासमा रहेर पनि आफ्नो भाषा, धर्म, रीतिरिवाजलाई जगेर्ना गर्दै कियाचु कतारले चासोक तङनाम येले तङ्बे ५०८३ सभ्य र भव्य रूपमा मनाउन सफल भएकोप्रति खुसी व्यक्त गरे ।

कार्यक्रमको समापन पूर्व कार्यक्रमका सभापति, प्रमुख अतिथि, विशेष अतिथि, अतिथिहरूको साथमा झन्डै दुई दर्जनभन्दा बढीले धान नाच पालाम गाएका थिए । महासचिव बिरेन मादेन लिम्बूले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै सभापति तुम्बाहाङ्फेले कार्यक्रम सफलतापूर्वक सम्पन्न पार्न विभिन्न कोणबाट सहयोग गर्ने सबैमा आभार प्रकट गरेका थिए ।

## सात महिनादेखि अलपत्र युवालाई स्वदेश फिर्तीका लागि मोना यूएईद्वारा सहयोग

विगत सात महिनादेखि युनाइटेड अरब इमिरेट्स( यूएई) मा अलपत्र परेका म्याग्दीको रघुगंगा गाउँपालिका-६ पाखापानीका एक युवालाई घर फर्काइएको छ । पासपोर्ट र भिसा विहीन भएपछि अलपत्र परेका पाखापानीका सुबिन्द्र पाइजालाई मोना यूएईले आवश्यक कानूनी प्रक्रियाका साथै नेपालसम्मको हवाई टिकटको व्यवस्था गरी पठाएको छ ।

कम्पनी छोडेर बसेका पाइजा समस्यामा परेको जानकारी पाएपछि मोना यूएईले दूतावास, प्रहरी रिर्पोट, यूएईबाट बाहिर जाने पास, हवाई टिकटको व्यवस्था गरेको मोना यूएईका महासचिव काजीमान बुढाथोकीले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए । पाइजाको बिदाइका लागि सारजाह एयरपोर्टमा मोनाको टोली पुगेको थियो । मोना यूएईले गर्दा आफू नेपाल फर्कन पाएको बताउँदै पीडित पाइजाले अलपत्र अवस्थामा पाएको साथ र सहयोग जीवनभरि नर्बिसने बताए ।

मोना यूएईका अध्यक्ष राम्जालीले रोजगारी र अन्य विभिन्न माध्यमाबाट यूएईमा प्रवेश गरेपछि समस्यामा परेका म्याग्दीलेलाई सक्दो सहयोग गरे गरेको बताए । उनले संस्थाको उद्देश्य नै पीडितहरूको घाउमा मलहम लगाउनु भएको हुँदा पीडितको सेवा तथा सहयोगमा आफ्नो नेतृत्वको कार्यसमिति सदैव प्रतिबद्ध रहेको बताए ।

यसैबीच म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घारका सुजन बरुवालसहित २ वटा केशमा मोनाले सहयोगसहित पहल गरिरहेको राम्जालीले जानकारी दिए । घारका सुजन गएको साउन महिनादेखि यूएईको जेलमा परेका छन् ।

**साउदीमा रोजगार** | कम्पनी : BAREZ AL SHARQ COMPANY FOR OPERATION AND MAINTENANCE
शहर : Buraidah

पूर्व स्वीकृत मितिः २०८०/०५/२७ | चलानी नं.: ६०२०७७४२ | L.T. No.: 292559 | पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Heavy Truck Driver | 16 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,७०२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | office And Facility Cleaning Labor | 64 | 0 | | 1000 | ३५,३९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० पुस १७ गते (2 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Fast Employment Service (P.) Ltd.
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

**यूएईमा रोजगार** | कम्पनी: TRIDENT HOSPITALITY SERVICES L.L.C
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/०९/०९ | चलानी नं.: ६०२१२०२९ | LT. No.: 297005

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Female Cleaner | 0 | 1 | स. काममा दक्ष | 900 | ३२,५२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० पुस १७ गते (2 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद्दे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Nice Recruiting Agency Pvt. Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Tel No: 014957256.
Mob: 9841673504 , 9810147957, 9851279946, 9849329081 | Website www.nicemanpower.com
E-mail: nicemanpower11@gmail.com, documentation.nice1062@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# भूकम्पले भत्काएको कोठाभित्र कक्षा सञ्चालन गर्न बाध्य, जोखिममा विद्यार्थी

**धनकृष्ण वि.क/मध्यान्ह**
बाजुरा, ९ पुस

जस्तापाताले छाएको एककोठे कच्ची भवन । झ्याल र ढोकापट्टीको भित्ता आधा भत्केको छ, ढुंगा र माटो कोठाभित्रै छरपस्ट छ । तर यही कोठामा ढुंगामाथि काठका फल्याक बिछ्याएर कक्षा पाँचका १२ विद्यार्थी पढ्छन् । बझाङ केन्द्रबिन्दु भएर १६ असोजमा गएको ६.३ म्याग्निच्युडको भूकम्पले बाजुराको खप्तड छेडेदह गाउँपालिका- ५ डोगडास्थित घटालमाडौं आधारभूत विद्यालयको कच्ची भवन भत्काएको थियो । तर कक्षा सञ्चालनका लागि सरकारी निकायबाट अस्थायी टहरा निर्माण गर्ने सामग्री पनि नपाउँदा विद्यार्थी जोखिम मोलेर पढ्न बाध्य छन् ।



शुक्रबार विद्यालयमा पुग्दा प्रधानाध्यापक खम्मबहादुर रावत भत्किएको कोठाभित्रै विद्यार्थी पढाइरहेका दिए । 'भूकम्प जाँदा पनि म यही कोठामा पढाउँदै थिएँ, पर्खाल भत्किएर मेरो छोरा (प्रमोद)को खुट्टा च्यापिएको थियो,' प्रधानाध्यापक रावतले भने, 'अरू ठाउँमा पढाउन कोठा छैन । त्यसैले गणित र अंग्रेजी विषय भत्केको कोठामै पढाउँछौं भने अरू विषय चउरमा पढाउने गरेका छौं ।' उनका अनुसार कक्षा पाँचमा १४ विद्यार्थी भर्ना भए पनि १२ जना मात्रै नियमित आउँछन् । पाँच कक्षासम्म पढाइ हुने विद्यालयमा अन्य कक्षाका विद्यार्थीलाई भने मुस्किलले कोठा पुगेको छ ।

प्रधानाध्यापक रावतका अनुसार कक्षाकोठा भत्किएपछि नेपाल रेडक्रसका प्रतिनिधि विद्यालयमा आएका थिए । अस्थायी कक्षा सञ्चालनका लागि सहयोग गर्ने वाचा पनि गरे । तर उनीहरू फर्किएर आएनन् । 'रेडक्रसले कक्षा चलाउन टेन्ट सहयोग गर्ने आश्वासन दिएको थियो, तर अहिलेसम्म केही सहयोग भएको छैन,' उनले भने, 'गाउँपालिका र जिल्ला प्रशासन पनि धायौं, केही सहयोग भएन ।'

भत्केको कोठामा कक्षा लिँदा बालबालिका त्रासमा छन् । कक्षा पाँचमा अध्ययनरत कमल विकले भने, 'धेरैजसो समय त खुला चउरमा पढ्छौं, गणित शिक्षकले लेखेरै पढाउनुपर्ने विषय भएकाले कोठामै पढ्नुपर्छ, डराइडराइ कक्षामा बस्छौं ।'

भूकम्पले कच्ची भवनको भित्ता भत्काउँदा सेतोपाटी पनि क्षतिग्रस्त भएको थियो । तर विद्यालयले तीन हजार खर्चेर कैलालीको धनगढीबाट नयाँ सेतोपाटी किनेको छ । भूकम्पको तीन महिनासम्म पनि अस्थायी कक्षा सञ्चालनका लागि जोहो नभएपछि भत्केकै कोठामा कक्षा सञ्चालन गरिएको हो । 'अचेल घाम लाग्ने गरेको छ, त्यही भएर गणित, अंग्रेजीबाहेकका कक्षा चउरमा पढाइहेका छौं,' रावतले भने, 'पानी पर्‍यो वा बादलले ढाक्यो भने त दिनभर भत्केकै कोठामा कक्षा चलाउनुपर्छ ।'

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष लालबहादुर रावतले भवन निर्माणका लागि प्रदेश र गाउँपालिकासँग सहयोग माग गरेपनि कुनै सुनुवाइ नभएको बताए । 'जाडो बढेको छ, चउरमा पनि पढाउन सकिँदैन,' उनले भने । केही वर्षअघि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत निर्माण भएको तीनकोठे पक्की भवन पनि भूकम्पले चर्किएको छ । 'तला थप्ने योजना थियो, अब नहुने भयो,' व्यवस्थापन समितिका अध्यक्ष रावतले भने । २०६३ मा स्थापना भएको यो विद्यालयमा प्रारम्भिक बाल विकासदेखि कक्षा पाँचसम्म एक सय ८० विद्यार्थी छन् । डोगडामा अधिकांश दलित समुदायको बसोबसा छ । भूकम्पले डोगडा बस्तीमा ९० परिवारका घर भत्किएको छ ।

# गढीमाईमा वडा कार्यालय व्यवस्थापनको बजेट मनपरी खर्च

**लक्ष्मण यादव/मध्यान्ह**
रौतहट, ९ पुस




रौतहटको गढीमाई नगरपालिकामा वडा कार्यालय व्यवस्थापनका लागि विनियोजन गरिएको बजेट नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतको मिलेमतोमा मनपरी खर्च गरिएको पाइएको छ ।

नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/०८१ मा १ देखि ९ सम्मको वडा कार्यालय व्यवस्थापनका लागि ९२ लाख रुपैयाँ बजेट विनियोजन गरेको थियो । तर तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादव र लेखापाल कामेश्वर सहनीले सो शीर्षकको रकम अन्यत्रै भुक्तानी गरिदिएको पाइएको छ । वडा कार्यालय व्यवस्थापन खर्च शीर्षकबाट ७७ लाख ८२ हजार ५ सय १४ रुपैयाँ भुक्तानी भइसकेको छ । जसमध्ये एक्सट्रा भेराइटी डिपार्टमेन्ट स्टोरलाई ४ लाख ९१ हजार ९ सय १५, मेरो कार रिटेल सर्भिसलाई १ लाख ३५ हजार, शारद्धा ट्रेडिङ कन्सर्नलाई ५ लाख ७० हजार ३ सय ३२ रुपैयाँ भुक्तानी गरिएको छ ।

यसैगरी, होटल आरोहीलाई ६ लाख २६ हजार ६ सय ६०, होटल पशुपतिलाई १२ लाख ४७ हजार ९८, सिम्रोन होटललाई ४ लाख १ हजार ३ सय ३१, होटल शिवानीलाई १ लाख ११ हजार ५ सय, होटल राजलाई ८ लाख ३२ हजार ९९ रुपैयाँ भुक्तानी गरिएको छ ।

यस्तै, रौतहट मिडिया प्रा.लि.लाई ४ लाख ९२ हजार ८ सय ३० र ३ लाख १२ हजार ७ सय ५७ गरी ८ लाख ५ हजार ५ सय ८७, रौतहट एडभरटाइजिङ एजेन्सीलाई २ लाख ७५ हजार ४ सय ५६, पालिका एडभरटाइजिङ एजेन्सी एण्ड मिडिया सेन्टर प्रा.लि.लाई २ लाख ७५ हजार ४ सय ५६, हेमा पब्लिकेशनलाई ९ लाख ४९ हजार ५ सय ६९ रुपैयाँ भुक्तानी गरिएको छ ।

यसैगरी, वाजिका विकास केन्द्र नेपाललाई ५ लाख ६२ हजार ४ सय ८०, राजुकुमार सहनीको नाममा ७५ हजार ९ सय ११ र सिकेन्द्र प्रसाद पटेलको नाममा १ लाख ६९ हजार २ सय ५५ रुपैयाँ भुक्तानी भएको देखिएको छ ।

यो सबै भुक्तानी गत असोजमा भएको देखिएको नगरपालिकामा हालै आएका प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवले जानकारी दिए । उनले भने, 'वडा कार्यालय व्यवस्थापन खर्च भनेको वडा कार्यालयमा टेबल कुर्सीको काम हुन्छ, कार्पेटिङको काम हुन्छ, झ्यालढोकाको काम हुन्छ, कम्प्युटर, प्रिन्टर इत्यादिको काम हुन्छ र त्यो भनेको सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार, कुनै पनि मालसमान खरिद गर्दा टेण्डर गर्नुपर्ने प्रावधान छ । तर त्यसो गर्दै नगरी मनोमानी ढंगले सो शीर्षकबाट जुन भुक्तानी गरिएको छ त्यो सार्वजनिक खरिद ऐन र आर्थिक कार्यविधि ऐनको विपरीत छ ।' उनले सो शीर्षकबाट नियम विपरीत भुक्तानी गरिएको सबैको श्रेष्ता फाइल तत्कालीन लेखापाल कामेश्वर सहनीसँग माग गरिएको पनि जानकारी दिए ।

नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत यादव र लेखापाल सहनीले मोटो कमिसन लिइ काम नभएपनि कागज मात्रै मिलाई कसैलाई थाहा नदिइ सो भुक्तानी गरेको स्रोतले बताएको छ । यस विषयमा थप बुझ्न नगर प्रमुख श्यामप्रसाद यादवलाई सम्पर्क गर्न खोज्दा फोन सम्पर्क हुन सकेन ।

# सातौं बागलुङ महोत्सवको तयारी पूरा राष्ट्रपति पौडेलले उद्घाटन गर्ने




**राम प्रसाद घिमिरे/मध्यान्ह**
बागलुङ, ९ पुस

बागलुङ बजार बागलुङ महोत्सवको तयारीले झकिझकाउ देखिन्छ । सडकका छेउछाउका पोलहरु झिलिमिलि बत्तीले झकिझकाउ छन् । नेपालको झण्डा तथा राष्ट्रपतिका फोटोले बजारको रौनक बढाएको छ ।

बागलुङ उद्योग वाणिज्य संघको आयोजनामा हरेक २-२ वर्षमा गरिने महोत्सव यसपटक भने ४ वर्ष पछाडि सातौं संस्करणको रुपमा पुस ११ गतेदेखि २१ गतेसम्म सञ्चालन हुने आयोजक बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष नरेश कंडेलले जानकारी दिए । महोत्सवले कोरोना भाइरसको असर र आर्थिक मन्दीका कारण सुस्ताएको व्यापार चलायमान गराउँदै जिल्लाको पर्यटन विकास र प्रवर्द्धनमा टेवा पुग्ने आशा गरिएको महोत्सव मूल आयोजक समितिका संयोजक समेत रहेका अध्यक्ष कंडेलले बताए ।

महोत्सवको उद्घाटन पुस ११ गते राष्ट्रपति रामचन्द्र पौडेलले गर्ने अध्यक्ष कंडेलले मध्यान्हलाई जानकारी दिए । महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेला स्तरमा विकास गर्ने अपेक्षाका साथ महोत्सव गर्न लागिएको अध्यक्ष कँडेलले बताए ।

महोत्सवको आर्थिक संकलन, स्टल व्यवस्थापन, मञ्च निर्माण तथा प्रचारप्रसारसहित सम्पूर्ण तयारी अन्तिम चरणमा पुगिसकेको अध्यक्ष कंडेलको भनाइ छ । 'पर्यटन, कृषि, कला संस्कृति, उद्योग र व्यापार समुन्नत बागलुङ निर्माणको आधार' भन्ने मूल नारा राखिएको महोत्सवले पर्यटन प्रवर्द्धन र स्थानीय उत्पादनलाई बजारीकरण गरी अर्थतन्त्रलाई चलायमान बनाउने आशा गरिएको छ ।

महोत्सवमा १५५ भन्दा बढी स्टलहरुमार्फत राष्ट्रिय र स्थानीय वस्तु तथा सेवाको प्रदर्शन गरिने छ । महोत्सवमार्फत आन्तरिक पर्यटकलाई जिल्लामा भित्र्याएर पर्यटन प्रवर्द्धन गर्ने अपेक्षा राखिएको छ । बागलुङको धौलागिरी बहुमुखी क्याम्पस प्राङ्गणमा सञ्चालन हुने महोत्सवमा पुरुष भलिबल प्रतियोगिता, खुला नृत्य, लाइभ दोहोरी गीतलगायतका प्रतियोगिता आयोजना गरिने संघका प्रेस संयोजक सुवास आचार्यले बताए ।

महोत्सवमा कलाकार प्रमोद खरेल, विष्णु खत्री, प्रिति आले, रामजी खाँड, प्रकाश दुतराज, मञ्जु पौडेललगायत राष्ट्रिय तथा स्थानीय कलाकार हरुको प्रस्तुति रहने आयोजकले जनाएको छ । महोत्सवको प्रचारप्रसारसहित सर्वाधिक पर्यटक भित्र्याउने गरी तयारीमा जुटेको संघका प्रेस संयोजक आचार्यले बताए । चार वर्षपछि हुन लागेको महोत्सवले जिल्लाको अर्थतन्त्रमा सकारात्मक परिवर्तनको प्रभाव पार्ने व्यवसायीहरुको अपेक्षा छ ।

# सडक निर्माणका क्रममा भिरबाट लडेर मजदुरको मृत्यु

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ९ पुस

हुम्लामा सडक निर्माणका क्रममा भिरबाट लड्दा एक मजदुरको मृत्यु भएको छ । हुम्ला सदरमुकाम सिमकोटदेखि ३२ कोष टाटा रहेको सर्केगाड गाउँपालिका वडा नं.२ को ल्याप्चे कर्णाली कोरिडोरमा पर्ने सडक निर्माण गर्ने क्रममा भिरबाट लडेर मजदुरको मृत्यु भएको हो । मृत्यु हुनेमा मुगु सोरु गाउँपालिका वडा नम्बर ५ सोरुकोटका अन्दाजी ४९ वर्षीय मनसिङ बुढा रहेका छन् । सोमबार दिउँसो ल्याप्चे सडक खण्डको कडा चट्टानी भाग निर्माण गर्ने क्रममा भिरबाट लडेर बढाको मृत्यु भएको हो ।

मृतक बुढा करिब ५० मिटर तल खसेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय हुम्लाका प्रहरी निरीक्षक राजन प्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार भिरबाट लडेर गम्भीर घाइते बुढालाई सोही सडकमा काम गर्ने कामदारहरुले स्वास्थ्य संस्थामा उपचारका लागि लैजाँदै गर्दा बीच बाटोमै मृत्यु भएको हो । उक्त क्षेत्रमा यसअघि पनि एक कामदारको भिरबाट खसेर घटनास्थलमै मृत्यु भएको थियो ।

# आगलागीबाट ६ लाख बराबरको क्षति



**मनु यादव निरज/मध्यान्ह**
सिरहा, ९ पुस

सिरहामा आगलागीबाट चार घर जलेर नष्ट भएको छ । जिल्लाको सखुवानन्कारकट्टी गाउँपालिका वडा नं. ४ स्थित सिमराहा खङ टोलमा आगलागीबाट करिब ६ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ ।

स्थानीय सेभु मण्डलको घरबाट शुरु भएको आगो राजलाल मण्डल, रामेश्वरी मण्डल र चन्देश्वर मण्डलको फुसको घरसम्म पुगेको थियो । आगोले अन्नपात, लत्ताकपडालगायत घरमा रहेका सामग्रीहरू पूर्णरूपमा जलेर नष्ट भएका छन् । दिउँसो २ बजेबाट लागेको आगो १ घण्टा लगाएर निभाइएको थियो ।

आगलागीबाट मानवीय क्षति भने नभएको ईलाका प्रहरी कार्यालय महेशवारीका प्रहरी नायब निरीक्षक यज्ञानन्द प्रसाद साहले जानकारी दिए ।

# ज्येष्ठ नागरिकलाई सम्मानस्वरुप सिरक वितरण

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, ९ पुस




उदयपुरमा ज्येष्ठ नागरिकहरुलाई सम्मान स्वरुप न्यानोका लागि सिरक वितरण गरिएको छ ।

त्रियुगा नगरपालिका गाईघाट अन्तर्गत रहेको १३ नं. वडा कार्यालय ढिकले 'ज्येष्ठ नागरिकको अनुभव र ज्ञान हामी सबैलाई प्रेरणा र मार्ग निर्देशन' भन्ने मूल नाराको साथ सोमबार आयोजना गरेको ज्येष्ठ नागरिक सम्मान कार्यक्रममा उक्त सिरक हस्तान्तरण गरिएको हो । कार्यक्रममा वडाअध्यक्ष नवीन कुमार चौधरी र प्रमुख अतिथि ज्येष्ठ नागरिक डम्बर बहादुर कटुवालले संयुक्त रुपमा सिरक वितरण गरे ।

सम्मान कार्यक्रममा वडाको विभिन्न ठाउँहरुबाट ८० वर्ष उमेर नाघेका ४९ जना ज्येष्ठ नागरिकहरुलाई सम्मानको लागि एक-एक वटाका दरले सिरक वितरण गरिएको थियो । १३ नं. का वडाअध्यक्ष चौधरीले ज्येष्ठ नागरिकको सम्मान र जाडो समयलाई मध्यनजर गरेर सिरक वितरण गरिएको बताए । चौधरीले वडाको न्यून बजेटले ज्येष्ठ नागरिकको सिरक खरिद गरिएको र ज्येष्ठ नागरिकहरुलाई सम्मानसँगै जाडोमा न्यानोको लागि सिरक वितरण गर्न पाउँदा खुसी लागेको बताए । कार्यक्रममा राजनीतिक दल, नागरिक समाज, टोल विकास सस्थाका प्रतिनिधि लगायतको उपस्थिति रहेको थियो ।

**तालिम केन्द्र बिक्रीमा**

काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको वैदेशिक रोजगार पूर्व प्रस्थान अभिमुखीकरण तालिम केन्द्र बिक्रीमा भएकोले इच्छुक महानुभावहरूले सम्पर्क गर्नु होला ।

सम्पर्क: ९८०२०४७७२३

**साउदीमा रोजगार**

कम्पनी: FIRST MOTHERS ISLAND OPERATING COMPANY
शहर: Saudi Arabia, Ar Rabie
पूर्व स्वीकृत मिति: २०८०/०९/०९ | चलानी नं.: ६०२१२०२८ | LT. No.:297039

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 11000 | ३८९,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Worker Cleaning Tools Kitchen | 1 | 0 | | 2000 | ७०,७८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस १७ गते (2 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १५,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No. 1244/074/075
URS is a member of registrar of standards (holdings) Ltd.
ISO 9001:2015 Certified
आरोही एच.आर. सोलुसन्स् प्रा.लि.
